# सिटि होटल लिमिटेड

CITY HOTEL

छिन्नलता चोक, सोल्टीमोड, काठमाण्डौं
५६७१२००/५६७१२०१ फ्याक्स नं. ५३८७०४१,
इमेल: info@cityhotel.com.np वेभसाइट: www.cityhotel.com.np

HYATT PLACE™ Kathmandu

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) संग सम्बन्धित अनुसूचि – १४
## आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

सिटी होटल लिमिटेडको २०८० आश्विन मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :

### १. वित्तीय विवरणः

(क) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा-नोक्सान सम्बन्धी विविरणः
आर्थिक वर्ष २०८०/०८१ अन्तर्गत कम्पनीको १७ अक्टोबर २०२३ मा समाप्त (१७ जुलाई २०२३ देखि १७ अक्टोबर २०२३ सम्म) प्रथम त्रैमासिक अवधिको वैधानिक लेखापरिक्षण हुनु पूर्वका तुलनात्मक वित्तीय विवरणहरु अनुसूचि-१ मा प्रस्तुत गरिएकोछ।

प्रथम त्रैमासिक समिक्षा अवधिमा सम्बन्धित पक्षहरु बिच नियमित व्यवसाय कारोबार बाहेक कुनै कारोबार नभएको।

(ख) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको लेखापरिक्षण नभएको प्रमुख वित्तीय अनुपातहरु

| विवरण | प्रथम त्रैमासिक अवधि आश्विन मसान्त २०८० (लेखापरिक्षण नभएको) | आघिल्लो त्रैमासिक अवधि आषाढ मसान्त २०८० (लेखापरिक्षण नभएको) | त्रैमासिक अवधि आश्विन मसान्त २०७९ (लेखापरिक्षण भएको) |
|---|---|---|---|
| **प्रमुख वित्तीय सूचांकहरु** | | | |
| ऋण पुँजीको अनुपात | ०.६६ | ०.६५ | ०.६५ |
| शेयरधनीको शेयर पुँजी कोषको प्रतिफल | (०.०४) | (०.१६) | (०.०५) |
| प्रति शेयर आम्दानी (रु) | (३.६०) | (१६.३५) | (५.८१) |
| प्रति शेयर नेटवर्थ (रु) | १००.०२ | १०४ | ११३.०४ |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य (रु) | ३२७ | ३२६ | ३६२ |
| प्रति शेयर बजार मूल्य (रु) | ५४९ | ६८० | |
| प्राइस अर्निङ्ग रेसियो | (१५२) | (४२) | |
| चालु अनुपात | ०.४७ | ०.५४ | ०.६७ |

### २. व्यवस्थापकीय विश्लेषणः

(क) सिटी होटल लिमिटेड (हायात प्लेस)काठमाडौं, कोभिड पछि सञ्चालनमा आएको पहिलो ५ (पाँच)तारे होटल हो। ओमिक्रोनका कारण गत आर्थिक वर्षसम्म महामारीको समयमा पर्यटन उद्योग नराम्रो प्रभाव पारेको थियो। यस होटलले आफू प्रदान गर्ने सेवाहरुको गुणस्तर, खाना र अनुभवका आधारमा बेन्चमार्क कायम गरेको छ। हाम्रा अतिथिहरुले यस होटलले व्यक्तिगत मौलिकताको साथै अतिथिलाई प्रदान गर्ने सन्तुष्टीको बारेमा प्रसंशा गर्ने गदर्छन। नेपालमा अन्तराष्ट्रिय पर्यटकहरुको आगमन आर्थिक वर्ष २०८०/०८१ को प्रथम समिक्षाको तिन महिना श्रावण, भाद्र र असोजमा आथिक वर्ष २०७९/०८० को तुलनामा उल्लेखनीय सुधार रहेको देखिन्छ जसले आगामी दिनहरुमा अझै होटलको आम्दानीमा वृद्धि हुने देखिन्छ। आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक समिक्षा अवधीमा १३ करोड २७ लाखको कुल कारोबार गरेकोछ। गतवर्षको सोहि अवधी भन्दा ३ कारेड २२ लाख अर्थात ३२.०८५ प्रतिशतले वृद्धि भएको छ।

(ख) कम्पनीले अप्रिल ०१, २०२३ देखि क्यासिनो सञ्चालनका लागि केही भाग भाडामा दिएर भाडा बापत आम्दानी गर्ने थालेको छ। हाल निर्माणाधीन थप २ सय व्यक्ति अटाउने क्षमता भएको ब्याङ्केट हल विस्तार गरी २०८० सालको पौष मसान्तभित्र सम्पन्न गर्ने योजना बनाएकोमा डिजाइनमा केहि परिवर्तनको कारणले चैत मसान्त २०८० मा सकिने लक्ष्य राखेको छ। निमार्ण पछि सो बापत आगामी आर्थिक वर्षमा थप आम्दानी बढ्नेछ। व्यवस्थापनले हायात प्लेस (Hyatt Place) ब्राण्डलाई हायात सेन्ट्रिक (Hyatt Centric) ब्राण्डमा स्तरोन्नति गर्ने योजना बनाएको छ, जसलाई आर्थिक वर्ष २०८०/८१ को तेस्रो त्रैमासिकसम्ममा स्तरोन्नति गरिने लक्ष्य लिइएको छ।

(ग) पर्यटन क्षेत्रको विकास मार्फत विदेशी मुद्रा आर्जन गर्ने, स्वदेशमा नै रोजगार सृजना गरी नेपालमा रहेका ऐतिहासिक कला संस्कृति तथा भौगोलिक विविधताको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्यले स्वदेशी लगानीकर्ताहरुद्वारा संस्थापित एवं संचालित यस सिटी होटल लिमिटेडले (हायात प्लेस) आफ्नो व्यवसाय सञ्चालन गरेको जानकारी गराउदै यस होटलले "South Asian Travel Awards 2023" अन्तर्गत Leading F &B Hotel and Resort शिर्षकमा अन्तराष्ट्रिय अवार्ड प्राप्त गरेको व्यहोरा सहर्ष जानकारी गराउदछौं।

(घ) यस कम्पनीले हालसम्म बैंकबाट लिएको ऋणको सावाँ तथा ब्याजको भुक्तानी नेपाल राष्ट्र बैंकद्वारा समय समयमा निर्देशित सुविधाहरु प्राप्त गर्दै निर्धारित समयमा भुक्तानी गरिरहेको छ।

### ३. कानूनी कारबाही सम्बन्धी विवरणः

(क) हाल सम्म कम्पनीले कुनै पनि मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दाएर भएको जानकारी प्राप्त भएको छैन।

(ख) हालसम्म कम्पनीका संस्थापक वा सञ्चालकको विरुद्धमा तथा संस्थापक वा सञ्चालकले प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

### ४. समस्या र चुनौतीः

(क) आन्तरिकः
- यस कम्पनीमा आन्तरिक समस्या नरहेको।

(ख) बाह्यः
- हाल अन्य धैरै ब्रान्डेड होटलहरू खोलिने क्रममा रहेको।
- बजारमा आर्थिक तरलताको अभावले होटल, विशेषगरी ब्याङ्क्वेट र रेस्टुरेन्टको व्यापारमा बाधा पुगेको छ।
- विलासिता कर लगाउनाले पाँच तारे होटेलमा बस्दा लाग्ने खर्च बढ्ने।

(ग) रणनीतिः
- अतिथिहरूलाई प्रदान गरिएका सेवाहरू र अनुभवहरूको स्तरलाई कायम राख्न र स्तरवृद्धि गर्ने, जसले Hyatt Place काठमाडौं रुचाइएको होटलको रुपमा निरन्तरता पाओस्।
- ठूला कार्यक्रमहरुलाई आकर्षित गर्न ब्याङ्क्वेट ठाउँको विस्तार गर्ने।
- होटललाई हायात सेन्ट्रिक (Hyatt Centric) मा स्तरोन्नति गर्ने।
- भारतका प्रमुख बजारहरूमा होटललाई मनोरञ्जन गन्तव्यको रूपमा प्रवर्द्धन गर्नुपर्ने योजनाहरु बनाउने।
- कम्पनीको व्यवसायलाई समय समयमा समिक्षा गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गर्ने समय अनुसार व्यवसाय वृद्धिको लागि प्रभावकारी बजार रणनीतिमा ध्यान दिई आवश्यक कार्यहरु गर्दै जाने।

### ५. संस्थागत सुशासनः

*संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्वारा चालिएका कदम सम्बन्धी विवरण :*

क) कम्पनीले प्रचलित ऐन तथा कानून बमोजिमको मापदण्ड, नियमनकारी निकायहरुबाट समय-समयमा जारी भएका नियम, विनियम, निर्देशन तथा परिपत्रहरुको पूर्ण रुपमा पालना गरेको छ।

ख) कम्पनीको लेखापरिक्षण समितिले आन्तरिक लेखापरिक्षणबाट त्रैमासिक पुनरावलोकन एवं समीक्षा गर्दै आवश्यक सल्लाह र सुझावहरु समय समयमा दिने गरेको छ।

ग) कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली अन्तर्गत होटलको आफ्नै आन्तरिक लेखापरिक्षण विभाग समेत क्रियाशील रहि कार्यहरु गर्दै आइरहेका छन्। कम्पनीको सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र आन्तरिक नियन्त्रण प्रणाली समिति लगायत अन्य आवश्यक उच्च व्यवस्थापनका पदाधिकारीहरु आ-आफ्नो स्थानबाट कम्पनीको प्रगतिका निमित्त अहोरात्र खट्ने गरेको र आन्तरिक विभिन्न समितिहरु सदैव क्रियाशील रहि परिणाम मुखी कार्यहरु गर्दै आइरहेका छन्।

### ६. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषणः:

(क) शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादित गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेकोछ। शेयरको कारोबार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तठस्थ रहेकोछ।

(ख) सिटी होटल लिमिटेड कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को असोज मसान्तमा अन्त्य भएको प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु १००/- का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या देहाय बमोजिम रहेको छ :

| त्रैमासिक आ.व.२०८०/०८१ (२०२३/२४) | शेयरको कारोबार (मूल्य (रु.) | | | कुल शेयरको कारोबार – दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार शेयर संख्या |
| प्रथम त्रैमासिक (२०८० आश्विन मसान्त) | ७८२/५० | ५४०/४० | ५४९/०० | ६१ | २७,९६८ | १३,१४,८४१ |

### ७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषणः

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्यर पूर्ण छन् र लगानीकर्ताहरुलाई स-सुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारी लुकाएको छैन।

## PROVISIONAL FINANCIAL STATEMENT

### As on Ashoj 30, 2080 (October 17, 2023) First Quarter ( Fiscal Year 80-81)

*Amount in NRS*

| Particulars | As on October 17, 2023 Ashoj End 2080 UNAUDITED | As on July 16, 2023 Ashad End 2080 UNAUDITED | As on October 17, 2022 Ashad End 2079 UNAUDITED |
|---|---|---|---|
| **Assets** | | | |
| **Non Current Assets** | | | |
| Property, Plant and Equipment's | 4,606,292,389.84 | 4,634,416,172.87 | 4,668,823,254.31 |
| Intangible Assets | 36,413,893.85 | 37,542,713.09 | 36,090,902.47 |
| Investment Property | 366,756,940.81 | 369,261,380.96 | 326,131,783.42 |
| Deferred Tax Assets | 119,877,824.81 | 102,471,975.18 | 35,563,420.98 |
| Other Assets | 49,995,278.17 | 31,501,587.97 | 36,092,237.79 |
| **Total Non Current Assets** | **5,179,336,327.47** | **5,175,193,830.07** | **5,102,701,598.97** |
| **Current Assets** | | | |
| Inventories | 5,303,720.43 | 6,268,689.13 | 6,250,714.05 |
| Cash and Cash Equivalents | 6,034,530.82 | 14,728,587.97 | 33,378,487.32 |
| Trade Receivables | 38,596,881.29 | 23,133,068.69 | 24,211,471.94 |
| Prepayments | 9,558,006.05 | 3,707,060.01 | 8,920,994.11 |
| Other Assets | 229,867,763.52 | 238,539,952.33 | 285,870,710.05 |
| **Total Current Assets** | **289,360,902.11** | **286,377,358.13** | **358,632,377.74** |
| **Total Assets** | **5,468,697,229.58** | **5,461,571,188.20** | **5,461,333,976.44** |
| **Equity & Liabilities** | | | |
| **Equity** | | | |
| Share Capital | 1,674,000,000.00 | 1,674,000,000.00 | 1,506,600,000.00 |
| Share Application Money | - | - | - |
| Other Equity | 285,502.82 | 60,625,198.38 | 196,492,428.65 |
| **Total Equity** | **1,674,285,502.82** | **1,734,625,198.38** | **1,703,092,428.65** |
| **Non Current Liabilities** | | | |
| Long Term Borrowings | 3,117,263,264.35 | 3,129,162,515.40 | 3,146,501,738.37 |
| Lease Liabilities | 44,760,441.20 | 47,675,233.82 | 44,778,612.20 |
| Other Liabilities | 18,599,535.16 | 20,994,545.16 | 33,484,223.47 |
| **Total Non Current Liabilities** | **3,180,623,240.71** | **3,197,832,294.38** | **3,224,764,574.04** |
| **Current Liabilities:** | | | |
| **Financial:** | | | |
| Trade Payables | 70,426,016.45 | 80,441,424.87 | 72,735,723.69 |
| Short Term Borrowings | 70,803,050.66 | 60,563,378.75 | 62,657,714.38 |
| Lease Liabilities | 3,763,641.62 | 3,202,228.78 | 6,848,144.45 |
| Other Liabilities | 468,795,777.30 | 384,906,663.05 | 391,235,391.23 |
| Provisions | - | - | - |
| **Total Current Liabilities** | **613,788,486.03** | **529,113,695.44** | **533,476,973.74** |
| **Total Equity and Liabilities** | **5,468,697,229.58** | **5,461,571,188.20** | **5,461,333,976.44** |

### STATEMENT OF PROFIT OR LOSS FOR THE PERIOD ENDED 17 OCTOBER, 2023

| Particulars | For Period Ended October 17, 2023 Ashwin End 2080 UNAUDITED | For Period Ended July 16, 2023 Ashad End 2080 UNAUDITED | For Period Ended October 17, 2022 Ashoj End 2079 UNAUDITED |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Operations | 115,959,763.09 | 473,151,155.23 | 90,969,967.31 |
| Miscellaneous Income | 16,758,234.42 | 36,204,696.92 | 9,516,654.42 |
| **Total Revenue** | **132,717,997.51** | **509,355,852.15** | **100,486,621.73** |
| **Expenditure:** | | | |
| Cost of Goods Sold | 27,486,420.07 | 128,759,732.29 | 28,097,546.80 |
| Employee Cost | 23,947,163.57 | 87,614,187.08 | 17,030,594.80 |
| Brand Operator Fees | 4,125,980.91 | 16,815,818.66 | 3,680,014.41 |
| Administrative & Operating Expenses | 30,673,903.67 | 127,292,950.94 | 26,446,937.39 |
| IPO Issue expenses | - | 6,685,115.80 | - |
| **Total Expenditure** | **86,233,468.22** | **367,167,804.77** | **75,255,093.40** |
| Profit Before Interest, Depreciation & Tax | 46,484,529.29 | 142,188,047.39 | 25,231,528.33 |
| Finance Cost | 90,144,591.15 | 353,667,387.76 | 81,478,749.61 |
| Depreciation & Amortization Expenses | 34,085,483.32 | 130,759,074.42 | 33,003,717.85 |
| **Profit/Loss Before Tax** | **(77,745,545.18)** | **(342,238,414.80)** | **(89,250,939.13)** |
| **Less:** | | | |
| **Prior Year Taxes** | | | |
| Current Tax | - | - | - |
| Deferred Tax | (17,405,849.63) | (68,602,050.44) | (1,693,496.24) |
| **Net Profit/Loss After Tax** | **(60,339,695.55)** | **273,636,364.36)** | **(87,557,442.89)** |

***Notes:*** *The above Financial Statement is presented in accordance with Nepal Financial Reporting Standard (NFRS). The financial statement is subject to change at the time of statutory audit or changes made by Regulatory authority, if any.*